प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नं: ०७५-५९००२०

ईमेल: sddopalpa@gmail.com

प.सं. ०७७/७८

च.नं. ६३

मितिः २०७७/०६/०६

## गैर सरकारी संघ-संस्था सूचीकृत हुन आउने बारे सूचना !!!

यस डिभिजन कार्यालयबाट आ.व. २०७७/७८ मा महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, खेलकुद, सीमान्तकृत तथा लोपोन्मुख , पिछड़ा लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान, योजना, तालिम , क्षमता विकास, सशक्तीकरण, लैङ्गिक हिंसा निवारण, मानव अधिकार पीडित तथा प्रभावितहरुको संरक्षण र पुन स्थापना लगायत विविध सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा केही कार्यक्रमहरु संचालन गरिने भएकोले उपरोक्त अनुसारका संघ सँस्थाहरुले यस कार्यालयमा सूचीकृत हुन तपसिल बमोजिमका कागजात सहित कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस कार्यालयमा सूचिकृत नभएका संस्थाहरु संग समन्वय, सहकार्य र सहजीकरण गर्न यो कार्यालय बाध्य नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

<u>तपसिल</u>

सूचीकृत गर्नको लागि आवश्यक काजजातहरु

- संस्थाको आधिकारिक पत्र
- सस्थाको दर्ता / नवीकरणको प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्ट र कर चुक्ता प्रमाण पत्र
- सञ्चालक समितिको निर्णयको प्रतिलिपि
- संस्थाको विधान
- समाज कल्याण परिषदमा आबद्धताको प्रमाणपत्रको प्रतिलिपि
- पाल्पा र गल्मी जिल्ला भन्दा बाहिरका कनै जिल्लामा दर्ता भइ यी जिल्लाहरुमा कार्यक्षेत्र नभएका संस्थाको हकमा जिल्ला प्रशासन कार्यालयपाल्पाको अनुमती वा स्वीकृती पत्र
- संस्थाको प्रोफाइल ।
- **सूचीकृत हुन निवेदन पेश गर्ने अन्तिम मिति २०७७।७।६ गते**

२०७७।६।६

**(लक्ष्मण प्रसाद न्यौपाली)**